८. **नक्सा पास शुल्कः मर्चवारी** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र अनुसुचि (7) बमोजिम नक्सा पास शुल्क लागाइने र असुल उपर गरिनेछ ।

९. **सिफारस दस्तुरः मर्चवारी** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र वस्तु तथा सेवा प्रदान गरेवापत अनुसुचि (8) बमोजिम सिफारिस दस्तुर लागाउने छ।

१०. **जरिवाना तथा छुटः मर्चवारी** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र अनुसुचि (9) बमोजिम जरिवाना लगाउन तथा छुट दिन सक्नेछ।

११. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

तर, दफा 11 मा जुनसुकै कुरा लेखिएको भएतापनि एकमुष्ठ अग्रिम कर बुझाउनेलाई छुट दिन बाधा पर्ने छैन ।

१२. **कर तथा शुल्क संकलन सम्बन्धि** हुने छ ।

अनुसुची १

दफा २ संग सम्बन्धित

घरधुरीकर र मालपोत (भुमी) कर वार्षिक

आ.ब. २०७४/०७५

| क.सं. | बिवरण | | आ.व. २०७३/०७४ को दररेट | आ.व. २०७४/०७५को लागि दररेट | कैफियत |
|---|---|---|---|---|---|
| | क) घरकर :- | | | | |
| | १.फूसको छाना | | | | |
| | २.टिन,खपटा,टायल,छाना | | | २० | |
| | ३. पक्की घर | क) एक तले | | ५० | |
| | | ख) दुई तले र सो भन्दा माथि | | १०० | |
| | ४.नयाँ घर कायम गर्दा :- | (घरनक्शा पास भएका घरलाई घर कायम गर्नु नपर्ने) | | १००० | |
| | | क) एक तले | | १००० | |
| | | ख) दुई तले र सो भन्दा माथि | | १५०० | |
| | ५. नक्सा प्रमाणित प्रति कोठा :-(नक्सा पास लागु नहुदा सम्म प्रमाणितको) | | | १५०० | |
| | क) पक्की घर | मुख्य राजमार्ग सँग जोडिएको | | २०० | |
| | | भित्री कालो पत्रे सँग जोडिएको | | १०० | |
| | | कच्ची ग्राभेल सँग जोडिएको | | ५० | |
| | ख) टिन, टायल, खपटा, फूसको छाना भएको घर | | | ५० | |

केशव नन्द वनिया
गाउँपालिका अध्यक्ष

मर्चवारी गाउँपालिका
गाउँपालिकाको कार्यालय
रायपुर, रुपन्देही
५ नं. प्रदेश, नेपाल
२०७३

श्याम कृष्ण पौडेल
प्रमुख प्रशासकीय अधिकृत